DENVER PUBLIC SCHOOLS

# कार्यकारी सारांश संस्करण 2.0

## दीर्घकालीन कार्यसञ्चालनीय सुरक्षा योजना विकास
## डिस्ट्रिक्ट सञ्चालित डिपिएस स्कूलहरूका लागि

## संस्करण 2.0 सारांश

संस्करण 1.0 लाई प्रदान गर्नुभएको सशक्त पृष्ठपोषणका लागि हाम्रो सम्पूर्ण समुदायलाई धन्यवाद। ढाँचा र विषयवस्तु दुवैका बारेमा निकै थिमहरू हामीले सुनेका छौँ जसको सम्बोधन हामीले संस्करण 2.0 मा गरेका छौँ। ती परिवर्तनहरूको सारांश तल दिइएको छ।

### स्पष्टता

हामी हाल स्कूलहरूमा भइरहेका कुराहरूभन्दा भविष्यका लागि योजना गरिएको कुराहरूका विषयमा बढी स्पष्टता प्रदान गर्न प्रतिबद्ध छौँ। संस्करण 2.0 मा तपाईंले वर्तमान अवस्था र भविष्यको स्थिति स्पष्ट रूपमा परिभाषित पाउनु हुनेछ।

### सङ्गति

हामी सम्पूर्ण स्कूलहरूभरि कार्यान्वयन गरिनु पर्ने सुरक्षा योजनाहरूका तत्वहरू तथा टोलीका सदस्यहरूलाई उपयुक्त तालिम दिइएको कसरी सुनिश्चित गर्नेछौँ भन्ने कुरा स्पष्ट रूपमा रेखाङ्कित गर्न प्रतिबद्धता व्यक्त गर्दछौँ। हामी सम्पूर्ण स्कूलहरूलाई एउटा साझा सुरक्षा योजना टेम्पलेट र आपत्कालिन टोली योजनाहरू सिर्जना गर्नका लागि जबाफदेही बनाउनेछौँ।

### पारदर्शिता

हामी यस योजना तथा भविष्यका संस्करणहरू प्रयोग गर्ने र सम्पूर्ण डिपिएस स्कूल तथा भवनहरूभरि स्थापित सुरक्षा उपायहरू स्पष्ट व्यक्त गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ। सुरक्षा कायम राख्नका लागि यी योजनाहरूका केही जानकारीहरू सार्वजनिक रूपमा प्रकट गर्नु हुँदैन भन्ने कुरा पनि हामीले बुझेका छौँ।

### संस्करण 1.0 बाट प्राप्त पृष्ठपोषणमा आधारित प्रमुख थिमहरूको सारांश

- वर्तमान तथा भविष्यको अवस्था
    - संस्करण 2.0 ले हाल के स्थापित छ, त्यसका साथसाथै भविष्यको अवस्थामा के योजना गरिएको छ र कति बजेट विनियोजन गरिएको छ स्पष्ट उल्लेख गर्दछ।

DRAFT

- एसआरओ सिफारिस <डिपिएस सञ्चालित प्रणाली परिस्थितिहरू>
    - सम्पूर्ण समुदायभित्र एसआरओहरूका विषयमा विभिन्न मतहरू देखिएका थिए। अतिरिक्त विवेचनपछि, सुपरिन्टेन्डेन्ट डा. एलेक्स मारेरोले शिक्षा बोर्डसमक्ष, एसआरओहरूका विषयमा सम्पूर्ण सर्व-समावेशी हाइ स्कूलहरू तथा ग्रेड 6-12 का स्कूलहरूमा लागू हुने गरी शिक्षा बोर्डले निर्णय लेओस् भन्ने सिफारिस गर्नुभएको छ।
- हातहतियार अनुसन्धान सिफारिस <डिपिएस सञ्चालित प्रणाली परिस्थितिहरू>
    - हातहतियार अनुसन्धानप्रति दिइएका मतहरू पनि पूर्णतया मिश्रित थिए। हातहतियार अनुसन्धान प्रणाली सुरक्षा रणनीतिको एउटा पत्र मात्र हो भन्ने हामीलाई थाहा छ र हामीले उत्कृष्ठ, सबैभन्दा प्रभावकारी विकल्पहरूको अनुसन्धान जारी राखेका छौं। कुनै स्कूल वा डिस्ट्रिक्ट भवनमा हातहतियार अनुसन्धान प्रणालीको निर्णय विस्तारित समुदाय संलग्नता सहितको स्थल-आधारित निर्णय हुनेछ।
- अनुशासन म्याट्रिक्स <डिपिएस सञ्चालित प्रणाली परिस्थितिहरू>
    - डेनभर पब्लिक स्कूल्स विद्यार्थी अनुशासन रणनीति फेडेरल तथा राज्य कानुनहरूमा आधारित तथा अनुरूप भइरहनेछ, तथा जहाँ सम्भव हुन्छ, यस कार्यलाई विद्यार्थी पहिलो र निष्पक्षता सहित, डिस्ट्रिक्टका मूल मूल्यहरूसँग निरन्तर रूपमा कार्यान्वयन गरिनेछ। स्कूल वर्ष 23-24 को तयारी गर्दैगर्दा, डिपिएस नेतृत्वका प्रतिनिधिहरूले अन्य ठूला अमेरिकी सहरी स्कूल डिस्ट्रिक्टहरूसँग विद्यार्थी अनुशासन, अनुशासनात्मक अभ्यासहरू तथा संलग्नता सुदृढीकरण गर्न रणनीतिहरू निर्माण गर्नका लागि सहकार्य गर्न हार्भार्ड पिइएलपि टोली सँग काम गर्नेछ।
- विद्यार्थी भर्ना <स्कूल परिस्थितिहरू>
    - व्यक्तिको पृष्ठभूमि, क्षमता तथा परिस्थितिहरू जेसुकै भए तापनि, निःशुल्क तथा उपयुक्त शिक्षा एउटा आधारभूत अधिकार हो जसले कुनै विभेद बिनै शिक्षामा समान पहुँच सुनिश्चित गर्दछ।

**तथ्याङ्क तथा पृष्ठपोषण निर्माण**

संस्करण 1.0 मा सङ्कलन गरिएका सम्पूर्ण तथ्याङ्कहरू र पृष्ठ पोषणको समीक्षा यहाँ गर्नुहोस्।

**कार्यसञ्चालनीय सुरक्षा योजना संस्करण 2.0 यहाँ पढ्नुहोस्।**